BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Research Journal*
ISSN: 2594-3421

# 'उलार' उपन्यासमा आञ्चलिकता

**कृष्णप्रसाद सापकोटा***

**सारसङ्क्षेप**

*नयनराज पाण्डेको उलार आञ्चलिक उपन्यास हो । अञ्चलविशेषका विशिष्टतालाई आधार बनाएर लेखिएको उपन्यासलाई नै आञ्चलिक उपन्यास भनिन्छ । आञ्चलिक उपन्यासमा आञ्चलिक तत्त्वका रूपमा भूगोल, संस्कृति, समाज, प्रकृति, राजनीति, आर्थिक, इतिहास, भाषा आदि रहेका हुन्छन् । यिनीहरू उपन्यासमा आउँदा समान महत्त्वका साथ आउन पनि सक्छन् र नआउन पनि सक्छन् । कुनै उपन्यासमा आञ्चलिक तत्त्वमध्ये कुनै तत्त्वले बढी स्थान पाएको हुन्छ भने कुनै उपन्यासमा कुनै आञ्चलिक तत्त्वले महत्त्व पाएको भए पनि अञ्चलविशेषका विशिष्टतालाई उजागर गर्दै त्यहाँको यथार्थ स्थितिलाई देखाएर अञ्चलविशेषको भौगोलिक यथार्थता, त्यहाँका वासिन्दाको यथार्थ जीवनशैली, राजनीतिक अवस्था र भाषिक अवस्थालाई देखाउनु आञ्चलिक उपन्यासको उद्देश्य रहेको हुन्छ । उराल आञ्चलिक उपन्यासमा आञ्चलिक तत्त्वका रूपमा रहने सबै पक्षको यथार्थ चित्रण भए पनि राजनीतिक र आर्थिक पक्षको चित्रणले बढी महत्त्व पाएको पाइन्छ । अञ्चलविशेषका वासिन्दाको आर्थिक अवस्था कमजोर रहेको हुनाले त्यहाँका वासिन्दामा शिक्षाको स्तर, चेतनाको स्तर निकै कमसल रहेकाले राजनीतिक सचेतता पनि कम छ । उनीहरूमा राजनीतिक सचेतता नभएको कारणले त्यहाँको राजनीति गर्ने नेताहरूले उनीहरूबाट फाइदा लिएका छन् । जसको कारणले गर्दा त्यहाँका जनताको जीवनस्तर उठ्नुभन्दा पनि दिनानुदिन खस्कदो अवस्थामा छ । उनीहरू शिक्षादीक्षाबाट बञ्चित छन् । त्यतिमात्र नभएर सामान्यभन्दा सामान्य उपचार गराउन सक्ने उनीहरूको अवस्था छैन । उपचारका लागि होस् वा खानको लागि होस् भएको घडेरी पनि बेच्दै अञ्चलविशेषका वासिन्दा भूमिहीन बन्न बाध्य छन् । यही अञ्चलविशेषको राजनीतिक तथा आर्थिक अवस्था के–कस्तो छ ? राजनीतिक अवस्थाले आर्थिक अवस्थालाई र आर्थिक अवस्थाले राजनीतिक अवस्थालाई के–कसरी प्रभाव पारेको छ र त्यसको प्रभाव अञ्चलविशेषका वासिन्दामा कसरी परेको छ भन्ने कुराको चर्चा गर्दै निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।*

**शब्दावली :**

*उलार, आञ्चलिक, भौगोलिक, सांस्कृतिक, जीवनानुभूति, मानचित्रीय, भूखण्ड, पर्यावरण, सीमान्त, विरादरी, किनारीकृत आदि ।*

## १. विषय परिचय

नयनराज पाण्डे (२०२३) नेपाली साहित्यका विविध विधामा कलम चलाउने स्रष्टा हुन् । साहित्यको यात्रा 'मैले चुनाव हारें' हास्यलेखबाट प्रारम्भ गरेका पाण्डेले निबन्ध, कथा, उपन्यास आदि विधामा कलम चलाएको देखिन्छ । विविध विधामा कलम चलाए पनि उपन्यास विधामा उनको दखल विशेष रूपमा झल्किएको छ । उनका उपन्यासमा **नाङ्गो मान्छेको डायरी** (२०४४), **विक्रमादित्य एउटा कथा सुन** (२०४४), **अतिरिक्त** (२०५०), **उलार** (२०५५), **लू** (२०६८), **घामकिरी** (२०७१), **सल्लीपीर** (२०७३) आदि प्रकाशित र चर्चित पनि रहेका छन् ।

साहित्यकार नयनराज पाण्डेले साहित्यका विविध क्षेत्रमा कलम चलाए पनि आख्यान क्षेत्रमा अझ बढी सफल रहेका छन् । आख्यानका सन्दर्भमा पनि विशेषतः उनको रुचि उपन्यासमा रहेको पाइन्छ । उनका उपन्यास सङ्ख्यात्मक रूपमा मात्र नभएर गुणात्मक रूपमा पनि निकै अगाडि रहेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा अगाडि रहेका उनका उपन्यासलाई हेर्दा विभिन्न प्रकारका औपन्यासिक प्रवृत्ति रहे पनि आञ्चलिकता पनि एउटा हो । आञ्चलिक उपन्यासको सिर्जनामा लेखकले देखे, भोगेका र जानेका ठाउँ विशेषको राजनीति, आर्थिक, सांस्कृतिक र व्यक्ति विशेषको आर्थिक

Dr. Sapkota is Reader in Nepali at Birendra Multiple Campus

अवस्था, त्यहाँको राजनीतिक स्थिति, भाषिक अवस्था आदिको चित्रण, वर्णन गरेको हुन्छ। यस्ता पक्षमा उनका आञ्चलिक उपन्यासमा राम्रो प्रस्तुति भएको पनि छ। आफूले देखे, जानेको, भोगेको स्थान र त्यस आसपासका क्षेत्रका समस्या, व्यक्ति, जाति वा वर्गविशेषका भोगाइलाई विविध कोणबाट यथार्थ चित्र खिचेर तिनीहरूप्रति सहानुभूति र श्रद्धाभाव व्यक्त गर्नु पनि यिनको महत्त्वपूर्ण विशेषता नै हो। लेखकीय भोगाइ, उसले गरेका अनुभूति आञ्चलिक उपन्यासमा यथार्थ र मिहिन रूपमा आएको हुन्छ। त्यसैले आञ्चलिक उपन्यासमा कुनै न कुनै निश्चित क्षेत्र/प्रदेश/अञ्चल विशेषको भौगोलिक, सांस्कृतिक, सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, ऐतिहासिक, भाषिक आदि पक्षको वर्णन गरिएको हुन्छ। यिनै विविध पक्षको यथार्थ वर्णन भएको उपन्यासलाई नै आञ्चलिक उपन्यास भनिन्छ।

अञ्चलविशेषका आ–आफ्नै प्रकारका विशेषताहरू रहेका हुन्छन् । यस्ता विशेषताहरू आञ्चलिक उपन्यासमा आउने क्रममा कुनै विशेषताले बढी महत्त्व र कुनै विशेषताले कम महत्त्व पनि पाएको हुन सक्छ। बढी र कम महत्त्व रहे पनि अञ्चलविशेषका विशेषताको वस्तुगत वर्णनले सम्बन्धित अञ्चलको भौगोलिक, सांस्कृतिक, सामाजिक, राजनीतिक, आर्थिक, भाषिक अवस्थालाई बुझ्न र जान्न सकिन्छ । पाण्डेको लघु उपन्यास **उलार**ले बाँके जिल्लाअन्तर्गत पर्ने नेपालगञ्ज र त्यस आसपासका क्षेत्र विशेषलाई आधार बनाएर अञ्चल विशेषका विविध पक्षलाई यथार्थ र मिहिन रूपमा प्रस्तुत गरेको हुनाले यो आञ्चलिक उपन्यास हो। यस उपन्यासमा मूलतः अञ्चल विशेषको राजनीति र आर्थिक अवस्थाले त्यहाँको जनजीवनमा पारेको प्रभावको चित्रण गरिएको छ। यस उपन्यासमा अञ्चलविशेषको राजनीति र आर्थिक पक्षको मात्र चित्रण नभएर अन्य आञ्चलिक पक्षको पनि चित्रण, वर्णन भएको छ। यस उपन्यासलाई विविध पक्षबाट अध्ययन गर्न सकिने भए पनि यसमा विशेषतः राजनीति र आर्थिक पक्षको मात्र अध्ययन गरिएको छ।

## २. सैद्धान्तिक पर्याधार

साहित्यमा विभिन्न प्रकारका सिद्धान्तहरूको प्रयोग हुन्छ। यस्ता विभिन्न प्रकारका सिद्धान्तमध्येको आञ्चलिकता पनि एक हो । **द इन्साइकोपेडिया अमेरिकानामा** "आञ्चलिक लेखनको प्रारम्भ बेलायतबाट भए पनि यसको विकास अमेरिकाबाट भएको हो भन्ने कुराको उल्लेख पाइन्छ। मूलतः आफ्नो गाउँ, ठाउँ, त्यहाँका व्यक्ति विशेषका समस्या र स्थानीयताको प्रचार–प्रसार गर्ने आन्दोलनसँगै यसको विकास भएको हो" (इ. १९९९ : ५७१)। **अमेरिकाना**का अनुसार आञ्चलिकताको जन्म यसको विकास स्थानीय भूगोल, संस्कृति, राजनीति, आर्थिक आदि विविध विशिष्टतालाई चिनाउँदै त्यसको प्रचार–प्रसार र विकासको सन्दर्भमा भएको हो भन्ने रहेको पाइन्छ।

'अञ्चल' वा 'आञ्चलिक' शब्द नेपालको सन्दर्भमा राजनीतिसँग सम्बन्धित जस्तो भए पनि साहित्यमा यो शब्दले कुनै खास ठाउँ, विशेष क्षेत्र वा प्रदेशको भूगोल, संस्कृति, राजनीति, आर्थिक, भाषिक आदि विशिष्टतालाई वा त्यससँग सम्बन्धित प्रवृत्तिलाई बुझाउँछ। अङ्ग्रेजी भाषाको 'रिजनालिजम्' नेपालीमा रूपान्तरण हुँदा 'आञ्चलिकता' शब्दको प्रयोग भएको हो (हेनवाइ, इ. १९९० : १०५९) । 'रिजनालिजम्' शब्द अङ्ग्रेजीको 'रिजन' बाट 'रिजनल' हुँदै बनेको हो । अङ्ग्रेजीको 'रिजन' र 'रिजनल' शब्दको नेपाली रूपान्तरण क्रमशः 'अञ्चल' र 'आञ्चलिक' हो । **द अक्सफोर्ड युनिभर्सल डिक्सनरी**मा एउटा निश्चित क्षेत्र विशेषलाई 'रिजन' भनिन्छ। 'रिजन' मा त्यस क्षेत्र विशेषका भौगोलिक, सांस्कृतिक, राजनीति, आर्थिक आदि यावत् विशेषताहरू पर्दछन् (इ. १९६४ : १६९१) भन्नुले पनि आञ्चलिक साहित्यमा अञ्चलविशेषको भूगोल, संस्कृति, समाज, राजनीति, आर्थिक, प्रकृति, भाषा आदि विशेषताहरू पर्दछन् र तिनीहरूले त्यहाँको जनजीवनलाई प्रभाव पारेका हुन्छन्। मिश्रले आञ्चलिक उपन्यासका सन्दर्भमा आफ्ना धारणालाई यसरी राखेका छन् –

> *आञ्चलिक उपन्यासकार समुदायमा वा ग्रामीण परिवेशमा बाँच्ने वा नजिक रहने हुनाले उसले विश्वासका साथ त्यहाँको जीवन, त्यहाँको समस्या, त्यहाँको सम्बन्ध, त्यहाँको भौगोलिक र प्राकृतिक अवस्था, सामाजिक परिवेशको समष्टि रूप, परम्परा र प्रगतिलाई बुझेको हुन्छ। आञ्चलिक उपन्यासमा हृदयमा रहेबसेको कुनै विशेष भूभागको जीवनानुभूतिलाई प्रस्तुत गर्ने प्रयास गरिन्छ (इ. १९८२ : ११३)।*

मिश्रका अनुसार आञ्चलिक उपन्यासका लेखकले कुनै क्षेत्रविशेषको सामाजिक, राजनीतिक, आर्थिक, भाषिक पक्षको विस्तृत रूपमा जानकारी राखेको हुन्छ, त्यसलाई उसले आफ्ना विचारका माध्यमबाट आफ्ना उपन्यासमा व्यक्त गरेको हुन्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ। आञ्चलिकताका सम्बन्धमा कडनले, "ग्रामीण, सहरीया र निश्चित स्थानीय विशेषता भएका ठाउँ, त्यहाँको जीवन, भूगोल, संस्कृति, प्रकृति, जातीयता र त्यस स्थान विशेषका पात्रहरूको जीवन्त चित्रण गरेको आख्यान र गैरआख्यानमा हुनु आञ्चलिक हो (ई. १९९१ : २१) भन्ने विचार राखेको पाइन्छ।

कुनै पनि अञ्चलविशेषको आफ्नै किसिमको भौगोलिक, राजनीति र आर्थिक परिवेश हुन्छ। एउटा अञ्चलविशेष अर्को अञ्चलविशेषसँग भिन्न वा फरक देखिने कारणमध्ये त्यहाँको भौगोलिक, राजनीतिक, आर्थिक, भाषिक आदि कारण नै हो । भौगोलिकताका कारणले मानिसको सांस्कृतिक, सामाजिक, राजनीतिक, आर्थिक आदि परिवेशमा प्रभाव पारेको हुन्छ। कुनै पनि अञ्चलविशेषको भूगोल, वातावरण र आर्थिक अवस्थाका कारणले राजनीतिक अवस्थालाई समेत विशिष्ट बनाउन सक्छ । सापकोटाले आर्थिक अवस्था विपन्न भएका जनचेतनाको स्तर नउठेका व्यक्ति सानो–तिनो आर्थिक प्रलोभनमा फसेर आफ्नो मताधिकारको दुरूपयोग गर्न सक्दछन् (२०६९ : २४) भनेका छन् । प्रस्तुत अभिव्यक्तिबाट कमजोर आर्थिक अवस्थाका कारणले अञ्चलविशेषका बासिन्दाले सानोतिनो प्रलोभनमा फसेर आफ्नो मताधिकारको दुरूपयोग पनि गरेका हुन सक्छन् भन्ने कुरालाई बुझ्न सकिन्छ। आर्थिक कमजोरीका कारणले राजनीतिकर्मीहरूको दास बन्ने जस्तो प्रवृत्ति पनि रहेको हुन्छ भने भोलिको आर्थिक समस्यामा सहयोग पाउने आशामा पनि उनीहरू रुमलिएका हुन सक्छन् । जैनले "शैक्षिक र आर्थिक अवस्थाले राजनीतिक अवस्थामा प्रभाव पारेजस्तै सांस्कृतिक अवस्थाले पनि राजनीतिक अवस्थालाई प्रभाव पारेको हुन्छ (इ. १९७६ : ७६) भनेकी छन् । उनका अनुसार राजनीतिलाई आर्थिक अवस्थाले मात्र नभएर जातजाति, धर्म, संस्कृति, भाषा आदिले पनि प्रभाव पारेको हुन्छ।

राजनीतिक अवस्था पनि आ–आफ्नै खालको हुन्छ । तराईको आफ्नै खालको छ भने पहाडको आफ्नै खालको छ। इ.एम.फोर्स्टरले आञ्चलिकताका सन्दर्भमा प्रान्तीय विशेषका निवासीहरूले आर्थिक, राजनीतिक जीवनलाई सविस्तार चित्रण गर्ने लेखकीय प्रवृत्ति नै आञ्चलिक प्रवृत्ति हो (इ. १९६६ : १५) भन्नुले पनि मूलतः आञ्चलिक साहित्यले सीमान्तीय वा किनारीकृत निवासीहरूको जीवनलाई समेटेको हुन्छ भन्ने दृष्टिकोण राखेको बुझिन्छ । एम.एच. अब्राम्सका दृष्टिमा आञ्चलिकता निश्चित स्थान तथा प्रदेशको वातावरण, राजनीतिक परिवेश तथा त्यहाँका जनताको विविध चालचलनको चित्रण हो (इ. १९९२ : ११३) । उनका अनुसार क्षेत्रविशेषको सामाजिक, राजनैतिक परिवेशले अञ्चलविशेषका वासिन्दालाई प्रभाव पार्दछ। सोही प्रभावका आधारमा त्यहाँका वासिन्दाको चालचलन, रीतिस्थिति, भेषभूषा आदिले आञ्चलिकतालाई झल्काउँछ। आञ्चलिकताका सम्बन्धमा सिंहको धारणा यस्तो रहेको छ –

> *साहित्यमा आञ्चलिकता शब्दले मानचित्रीय रेखाहरूद्वारा आबद्ध वा सीमित जनविहीन भूखण्ड नबुझाएर कुनै देशभित्रको त्यस भौगोलिक खण्डको एकाइतिर सङ्केत गरेको हुन्छ, जसको आफ्नै विशिष्ट भाषा, संस्कृति, राजनीति हुन्छ, सामाजिक एवम् प्राकृतिक परिवेश हुन्छ अनि सङ्घ–संस्था र लोकपरम्परा हुन्छन् (इ. १९८६ : ५०) भनेका छन्।*

सिंहका अनुसार निश्चित क्षेत्रमा आबद्ध आफ्नै खालको भौगोलिकता, सांस्कृतिकता, राजनीतिक परिवेश भएको र आफ्नै खालको रहनसहन, रीतिस्थिति भएको अञ्चल विशेषलाई नै आञ्चलिकता भनिन्छ भन्ने दृष्टिकोण रहेको पाइन्छ। बदरी दासले "भारतको आफ्नै प्रकारको विशिष्ट भौगोलिक स्थिति, विशिष्ट सांस्कृतिक तथा राजनीतिक पक्ष, विशिष्ट जातिगत विविधता र आधुनिक, औद्योगिक समस्याप्रतिको असन्तोषले आञ्चलिक साहित्यको जन्म भएको हो" (इ. १९६९ : ३६८) भन्नुले पनि आञ्चलिक साहित्यमा ठाउँ र परिवेशअनुसार अनि अञ्चल विशेषका बासिन्दाको शिक्षा, आर्थिक अवस्था, परिवेशअनुसार राजनीतिले प्रभाव पारेको हुन्छ भन्ने देखिन्छ।

अञ्चलविशेषमा राजनीतिजस्तै आर्थिक अवस्था पनि आफ्नै खालको रहेको हुन्छ। आर्थिक कारणले शिक्षा, स्वास्थ्य आदिमा प्रभाव पारेको हुन्छ। जसले गर्दा अञ्चलविशेषमा अशिक्षा, अन्धविश्वासका कारणले आर्थिक शोषणका समस्या सिर्जना गर्दछ। सापकोटाले अञ्चलको उपार्जनको स्रोत, उत्पादनमा वैज्ञानिक प्रणाली, शोषण, बेरोजगारी, विकास वा अविकास आदिले पनि आर्थिक अवस्थामा प्रभाव पारेको हुन्छ (२०७४ : ६९) भन्नुले पनि अञ्चलविशेषको भौगोलिक अवस्था, उत्पादनमा वैज्ञानिक प्रणालीको अवस्था र रोजगारीको स्थिति आदिले पनि त्यहाँका वासिन्दाको आर्थिक अवस्थामा प्रभाव पार्दछ भन्ने कुरा बुझ्न सकिन्छ। आर्थिक कारणले नै देशबाट शिक्षित वा अशिक्षित व्यक्तिहरू विदेश पलायन हुने र त्यसले पनि अञ्चलविशेषमा विविध समस्या सिर्जना गर्ने गरेको पाइन्छ। आर्थिक कारणले मानिसका रीतिरिवाज, चालचलन, खानपान, लवाइखुवाइ, बोलीचाली आदिमा प्रभाव पारेको हुन्छ। प्रधानले "आञ्चलिकता विशेषण मात्रै हो। यथार्थतः साहित्यमा चित्रित हुने सारभूत जीवन नै हो, जो कि त कुनै समाजको हुन्छ कि त स्थानविशेषको, कि त वर्गको र त्यो केही भएर नै कुनैमा बाँधिएरै कुनै जाति, वर्ग, समाज र ठाउँ विशेषको यथार्थमा व्यक्तिने गर्दछ (२०३७ : २५७) भन्नुले पनि आञ्चलिक उपन्यास होस् वा अन्य कुनै उपन्यास होस्, त्यसमा यथार्थ जीवन आउँछ र मानिसले त्यही जीवनलाई हेर्छ। त्यस्तो यथार्थ जीवनमा आर्थिक पक्षले प्रभाव पार्दछ भन्ने चर्चा गर्दै आञ्चलिक साहित्यमा पनि मानिसका सामाजिक, आर्थिक, राजनीतिक पक्षको यथार्थ चित्रण हुन्छ। त्यहाँको वास्तविक जीवनलाई यस्ता साहित्यमा सहजै हेर्न र देख्न सकिन्छ भन्ने दृष्टिकोण रहेको पाइन्छ। राईले आञ्चलिकलाई यथार्थवादको एउटा महत्त्वपूर्ण पाटोको रूपमा विश्लेषण गर्दै "लेखकले आफ्नो जन्मथलो छोडेपछि त्यसको संस्मरणमा त्यहाँको भूगोल, प्रकृति, समाज, राजनीतिक, आर्थिक, भाषा आदिको चित्रण गर्दै लेखिने साहित्य आञ्चलिक हो (२०६७ : १५८) भनेका छन्। उनका अनुसार आञ्चलिक साहित्यको लेखन लेखकले जन्मथलो छोडेपछि त्यसको संस्मरणमा हुन्छ र उसको उद्देश्य आफ्नो जन्मथलोप्रति श्रद्धाभाव व्यक्त गर्न, प्रचार–प्रसार गर्न, जुन पनि हुन सक्छ तर त्यो यथार्थमा आधारित हुन्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ। आञ्चलिक साहित्यमा भूगोल विशेषको आर्थिक अवस्थाले त्यहाँका बासिन्दामा प्रभाव पार्दछ।

आञ्चलिक उपन्यासमा अञ्चलविशेषको छुट्टै आर्थिक अवस्था पनि हुन्छ। आर्थिक अवस्थाले त्यहाँको राजनीतिलाई पनि प्रभाव पारेको हुन सक्छ। नेताहरूको नैतिक आचरण तथा भ्रष्टाचारको अवस्था आदिबाट पनि त्यहाँको आर्थिक र राजनीतिक अवस्थालाई बुझ्न सकिन्छ। आञ्चलिक उपन्यासमा भौगोलिक अवस्थाका अतिरिक्त त्यहाँको राजनीतिक र आर्थिक अवस्थाको चित्रण के–कसरी भएको छ भन्ने कुराको खोजी र विश्लेषण गरिन्छ। यसै आञ्चलिक मान्यताका आलोकबाट यस लेखमा नयनराज पाण्डेको **उलार** उपन्यासको विश्लेषण गरिएको छ।

## ३. "उलार" उपन्यासमा राजनीति र आर्थिक आञ्चलिकताको प्रयोग

प्रस्तुत आलेखमा उपन्यासकार नयनराज पाण्डेको **उलार** उपन्यासको विश्लेषण आञ्चलिक राजनीति र आर्थिकताका आधारमा गरिन्छ। विश्लेषणका क्रममा उक्त उपन्यासमा के–कस्तो राजनीतिक अवस्था र आर्थिक अवस्था छ त्यसले त्यहाँको जनजीवनमा के–कस्तो प्रभाव पारेको छ भन्ने कुराका साथै राजनीतिक र आर्थिक कारणले त्यहाँको जनजीवन अनि सम्बन्धित समाजको के–कस्तो चित्रण छ ? त्यसरी चित्रित वा अञ्चलविशेषमा अवस्थित विशिष्टताले त्यहाँको जनमानसको अवस्था र त्यसले पारेको प्रभाव कस्तो छ भन्ने सन्दर्भमा उपन्यासलाई विभिन्न रूपमा अध्ययन गर्न सकिने भए पनि यसमा राजनीति र आर्थिकलाई मात्र विश्लेषण गर्ने प्रयास गरिएको छ।

### ३.१ 'उलार' उपन्यासको घटनासन्दर्भ

**उलार** उपन्यासले नेपालको बाँके जिल्लाअन्तर्गतको दक्षिणी सीमावर्ती क्षेत्रअन्तर्गत पर्ने नेपालगञ्ज र त्यस आसपासको क्षेत्रको राजनीति र आर्थिक क्षेत्रलाई देखाएको छ। **उलार** उपन्यास लघु उपन्यास हो। यसमा पाँच अङ्क रहेका छन्। त्यसका अतिरिक्त लेखकले *प्रेमललवा के तिमीले उलार* पढ्यौ भन्ने शीर्षक दिएर **उलार**को लेखनसम्बन्धमा पनि प्रकाश

पारेका छन् । काठमाडौँको जाडोमा शारीरिक र लवाइ–खुवाइका दृष्टिकोणले कहालीलाग्दो तराईको यथार्थतालाई प्रस्तुत गर्ने सम्बन्धमा यस उपन्यासको निर्माण भएको कुराको सन्दर्भमा लेखक भन्छन् :

> *त्यो युवक मेरो नेपालगन्जतिरको हुनुपर्दछ । कुनै माध्यमले काठमाडौँ आएको होला । किनकि काठमाडौँमा गरिब मधेसी कि त सर्वोच्च अदालतसम्म पुगेको आफ्नो कुनै पुरानो मुद्दाको तारिखका लागि आउँछ कि त आफ्नो निर्वाचन क्षेत्रको विजयी सांसदसित कुनै सहयोगको आशामा आउँछ । मधेसको मान्छे खुसीखुसी काठमाडौँ आउने वातावरण त आजसम्म पनि तयार भएको छैन (पाण्डे, २०५५ : ३) ।*

प्रस्तुत अभिव्यक्तिबाट त्यहाँको गरिबता, अशिक्षा र पछौटेपनलाई थाहा पाउन सकिन्छ । तराईका गरिब किसानको लागि काठमाडौँ जानु भनेको आश्चर्य र नौलो लाग्ने कुरा हो । बाध्यता र विवशतामा मात्र त्यहाँका मानिस काठमाडौँजस्तो सम्पन्न मान्छेको वासस्थान भनिने नेपालको राजधानीमा पुग्न सक्छ । **उलार** उपन्यासको निर्माणको सन्दर्भमा र यथार्थताका सन्दर्भमा उरालका पात्र र परिवेश निर्माण गर्न मेरा लागि सहज थियो । किनभने सबै पात्रहरू मैले देखिरहेकै, चिनिरहेकै थिए । परिवेश त झन मैले मेरो बाल्यकालदेखि देखेकै, खेलेकै ठाउँ थियो (पृ. ४) भन्नुले पनि यसमा आञ्चलिक उपन्यासमा लेखकले देखे, भोगेका, जाने, बुझेको ठाउँको यथार्थताको चित्रण हुन्छ भन्ने मान्यताको पुष्टि भएको छ । आजभन्दा लगभग दुईदशक अगाडि अञ्चलविशेषमा लेखकले देखे, भोगेका समस्याहरू आज पनि जस्ताको तस्तै छन् । राजनीतिको नामकरणमा परिवर्तन आए पनि र सत्ताको कुर्चीमा धेरै नेता पुगे पनि अञ्चलविशेषका सीमान्तीय वर्गको जनजीवनमा खासै परिवर्तन भएको छैन । परिवर्तन हुनु पर्दछ भन्ने सन्दर्भमा **उलार**को दोस्रो संस्करणमा "आज सङ्घीय र गणतान्त्रिक नेपालको संविधान आउँदै गर्दा मैले यी पङ्क्ति लेखिरहेको छु र मेरो मन अझै दुख्न छाडेको छैन । प्रेमललवाहरूको टाँगा उराल हुन छाडेको दिन मेरो यो दुखाइ निको हुनेछ" (पृ. १३) भन्ने उक्त लेखकीय अभिव्यक्तिबाट पनि देशमा नाममात्रको राजनीतिक परिवर्तन त भयो यथार्थमा किनारीकृत वा सीमान्तीय वर्गको जीवनमा परिवर्तन भएको छैन भन्ने कुरालाई सहजै बुझ्न सकिन्छ ।

**उलार** उपन्यासको *भूमिका* श्यामलले लेखेका छन् । उनले *सीमान्त तहका जनताको सङ्घर्ष कथा* शीर्षक दिएर लेखेको भूमिकामा पनि **उलार** उपन्यासले जनआन्दोलनपछिको नेपालको राष्ट्रिय राजनीतिको कुरूपतालाई यथार्थ रूपमा टिप्न सफल भएको अभिव्यक्ति दिएका छन् भने उपन्यासको पहिलो अध्यायमा प्रेमललवाले भोट राजेन्द्रराजलाई दिन्छ, तर उनले हारेको पीडामा उसलाई रातभर निद्रा लाग्दैन भन्नेबाट प्रारम्भ गरिएको छ । ऊ बिहानीपखमात्र यसो निदाउँदा उसले द्रौपदीलाई देख्छ । द्रौपदीलाई सपनामा देख्दा–देख्दै कलुवाले उसलाई उठाउँछ । कलुवाले उठाएपछि उसले राजेन्द्रराजले हारेको पीडा साथीहरूलाई गाली गरेर पोख्छ । उसलाई राजेन्द्रराजले हारेकोमा साह्रै चित्त दुखेको छ । चित्त दुखाइको क्रममा भोट नदिने सबैलाई गाली गरेपछि राजेन्द्रराजको प्रशंसा गर्न थाल्दछ । राजेन्द्रराजले उसलाई ठूलो गुन लगाएका छन् । उसको बाबुलाई ट्रकले हानेर मारेपछि राजेन्द्रराजले नै ट्रकवालासँगबाट उसलाई आठहजार दिलाइदिएका थिए । मानिसले त राजेन्द्रराजले अठार हजार लिएर उसलाई आठहजारमात्र दिए भने पनि उसले पत्याएन । उसले नपत्याए पनि यथार्थ त्यही हो । राजनीति गर्ने र आफूलाई भलाद्मी ठान्ने व्यक्तिहरूको भ्रष्ट चरित्रको उद्घाटन यहाँ गरिएको छ । उसले पाएको आठ हजारबाट एउटा टाँगा र बजारमा एउटा घडेरी किन्छ । पछि टाँगाको कमाइले मात्र खान नपुगेपछि र आफू बिरामी परेपछि राजेन्द्रराजले नै उसलाई एक लाखको कागजमा सही गराएर तीस हजार उसलाई दिन्छ । अरूले सोधेमा एक लाखमा बेचेको भन्नु भन्ने राजेन्द्रका कुरा उसले बुझेको थिएन । त्यसपछि उसले सहरभन्दा धेरै टाढा कोरियनपुरवा भन्ने ठाउँमा एउटा घडेरी लियो र एउटा घोडी किन्यो । यही टाँगा चलाएर उसले आफ्नो एक्लो जीवन निर्वाह गरेको छ । बेलाबखत ऊ द्रौपदीकहाँ जान्छ । आर्थिक अभावका कारणले द्रौपदीले शारीरिक बेपारबाट आफ्नो परिवारको पालन–पोषण गरेको जान्दा–जान्दै पनि उसलाई द्रौपदीको असाध्यै माया लाग्छ । ऊसँग कोही नगइदिए हुन्थ्योजस्तो लाग्छ ।

कहिलेकाहीँ द्रौपदीकहाँ जाँदा उसले आफू आउँदा र आफूसँग सुत्दा कस्तो लाग्छ भनेर सोध्छ। द्रौपदीकहाँ जाँदा उसले द्रौपदीलाई पतुरिया नदेखेर केवल आइमाइ मात्र देख्छ। द्रौपदीलाई पनि कम्मर दुख्ने समस्या छ। यसबाट ऊ विचलित हुन्छ। आफ्नो अवस्था नियाल्छ। एक–दुई वर्षालाई थेग्न पनि नसक्ने उसको घर, गिल्टेको दुई–चारवटा भाँडा, चुहिने छानो, लादी गन्हाउने परिवेश सम्झिएर ऊ आत्तिन्छ र एक्लो जीवनको निरस र कहालीलाग्दो अवस्थाबाट अत्तालिएर द्रौपदीको कल्पना गर्दै के द्रौपदी यो घरमा अटाउन सक्छे भन्ने भावका प्रश्न र समस्यासँगै पहिलो अध्याय सकिएको छ। यसमा प्रेमललवालाई प्रमुख पात्रका रूपमा उभ्याएर उसको माध्यमबाट अञ्चलविशेषको आर्थिक अवस्थाको चित्रण र राजेन्द्रराजजस्ता व्यक्तिको माध्यमबाट मुलुकमा बढ्दै गइरहेको भ्रष्ट राजनीतिक परिवेशलाई देखाइएको छ। यसमा आएका प्रेमललवा, द्रौपदी, कलुवा, राजेन्द्रराजजस्ता चरित्रको माध्यमबाट अञ्चलविशेषको राजनीति र आर्थिक अवस्थाको यथार्थरूपमा चर्चा गरिएको छ।

उपन्यासको दोस्रो अध्ययमा चुनावको परिणाम आएपछि ननकउले शान्तिराजाको विजय जुलुस निस्कने र त्यसको लागि सत्र–अठारवटा टाँगा लैजानु पर्ने कुरा बढो उत्साहित भएर सुनाएपछि दुई–तीन घण्टाको लागि उसले टाँगा लगेमा १०० रूपैयाँ दिने कुरा गर्दा आफूले शान्तिराजालाई भोट नदिएको हुँदा अनकनाउँछ। ननकउले कर गरेपछि ऊ जान त राजी हुन्छ तर उसको घोडी अलिअलि बिरामी भएको हुनाले थोरै मात्र मान्छे चढे हुन्थ्यो भन्ने लाग्छ। जुलुसमा गएपछि उसको टाँगामा थुप्रै मान्छे बस्छन्। घोडीले तान्न नसकेर बेस्सरी पिट्नु पर्छ। तर टाँगामा बस्ने व्यक्तिहरूको कुरा सुनेर उसलाई आश्चर्य लाग्छ। उनीहरूले राजेन्द्रराजले शान्तिराजालाई सहयोग नगरेको भए चुनाव जित्न नसक्ने कुरा र राजेन्द्रले शान्तिराजाबाट पाँच लाख रूपैयाँ लिएर आफूले हारेको र शान्तिराजालाई जिताएको कुराले उसलाई मर्माहत बनाउँछ। यसबाट नेपालको राजनीति र भ्रष्ट नेताहरूको चरित्रलाई बुझ्न सकिन्छ भने यस्तैमा उसको टाँगामा थुप्रै मानिस चढेपछि घोडीले तान्न सक्दैन, उसलाई बेस्सरी पिटेपछि घोडी काम्न थाल्दछ। घोडीको यस्तो अवस्था देखेपछि एकैपटक सबै ओर्लन खोज्दा टाँगा उल्लर हुन्छ घोडी (वसन्ती) भुइँमा पछारिनु र ऊ पनि लड्न खोज्दा कलुवाले उसलाई समातेर जेनतेन घोडी र उसलाई घरमा ल्याउँछ। भोलिपल्ट ननकउले पूरा काम नगरेको भनेर पच्चीस रूपैयाँ मात्र दिन्छ। बिरामी घोडीलाई विभिन्न अप्ठ्यारा सहँदै भेटनरीमा लग्छ तर बाटोमा आउँदा घोडी ढलेपछि ऊ नबाँच्ने टुङ्गोसँगै घोडीलाई बाटोमा नै छोडेर प्रेमललवा घर आएको कुरासँगै उपन्यासको दोस्रो अध्याय समाप्त भएको छ। यसमा प्रेमललवा, कलुवा, ननकउ, राजेन्द्रराज, शान्तिराजाजस्ता पात्रका माध्यमबाट अञ्चलविशेषको राजनीति र आर्थिक अवस्थाको वस्तुगत रूपमा चित्रण भएको छ। अञ्चलविशेषका बासिन्दाको दयनीय आर्थिक अवस्था र राजनीतिको डरलाग्दो फोहोरी अवस्थाको यसमा यथार्थ चित्रण भएको हुनाले अञ्चलविशेषको राजनीति र आर्थिक अवस्थालाई बु न सकिन्छ।

उपन्यासको तेस्रो अध्यायमा प्रेमललवाले आफ्नो घोडीको मृत्यु शान्तिराजाको विजय जुलुसको कारणले भएको भए पनि के गर्ने र के नगर्ने कुरा सोच्न सकेको छैन। टाँगा नचलाई उसको गुजारा चल्दैन। त्यसैले ऊ साह्रै अत्तालिन्छ। यस्तो बेलामा कलुवाले ननकउ शान्तिराजाको मान्छे हो। उसलाई आफ्नो कुरा राख भन्ने सल्लाहअनुसार ऊ ननकउकोमा जान्छ र ननकउले उसलाई राजेन्द्रराजको मान्छे भनेर उल्ली–बिल्ली पार्नुले पनि नेपालको राजनीतिले नेताहरूलाई भन्दा सामान्य स्तरका कार्यकर्तालाई गाँजेको स्थिति देखिन्छ। ननकउकहाँबाट फर्केपछि बाध्य भएर ऊ राजेन्द्रराजकहाँ पुग्छ। उसको सम्पूर्ण कुरा सुनेपछि चुरोटको खोलमा दुई–चार अक्षर लेखेर राजेन्द्रराजले शान्तिराजाकहाँ नै पठाउँछन्। शान्तिराजालाई जेनतेन भेट्न त सफल हुन्छ तर उनले काठमाडौँ आइजा मिलाइ दिउँला भनेपछि ऊ झन् समस्यामा पर्दछ। यस्तैमा द्रौपदीले उसलाई सम्झन्छे। ऊ तीन–चार दिन भयो उसकहाँ नगएको पनि। उसलाई प्रेमललवाको खुबै याद आउँछ। केही दुःख–सुखका र केही प्रेमका कुरा गर्न मन लाग्छ। त्यस्तैमा असइ विष्णु आएर उसलाई नङ्ग्याउँछ। मनमनै विष्णुलाई फोकटमा दिनु परेकोमा गाली गर्छे र विष्णु गएपछि प्रेमललवाले रुँदै आफ्नो समस्या भन्दछ। यथार्थमा द्रौपदीलाई पनि समस्यै–समस्या छन्। पैसाको कारणले छोरीको उपचार समेत गर्न सकेकी छैन तापनि प्रेमललवाको समस्यामा सहभागी

हुनका लागि उसले सुनका टप फुकालेर दिन्छे। त्यसबाट केही जोगाड भएपछि कलुवाको घरमा जान्छ। उसका पनि समस्या छन् तापनि कलुवालाई लुकाएर उसकी श्रीमतीले पच्चीस रूपैयाँ र श्रीमतीलाई लुकाएर कलुवाले पच्चीस रूपैयाँ दिएको सन्दर्भसँगै यसको अन्त्य भएको छ। यसमा निरिह र गरिब व्यक्तिबाट सहयोग भए पनि ठूलाठालु र राजनीति गर्ने व्यक्तिहरूले गरिब ब्यक्तिहरूलाई फुलाउने, झुक्याउने र उनीहरूको शोषण गर्ने कार्य भएकोबाट पनि अञ्चलविशेषको राजनीति र आर्थिक अवस्थाको स्थितिलाई बुझ्न सकिन्छ।

उपन्यासको चौथो अध्यायमा प्रेमललवा शान्तिराजालाई भेटेर आफ्नो टाँगा चलाएर जीवन गुजारा गर्ने सपनालाई साकार पार्न ऋण–धन गरेर नसोचेको ठाउँ काठमाडौँ जान्छ। काठमाडौँको चिसोमा भौँतारिँदै शान्तिराजालाई भेट्न कहिले पुल्चोक (मन्त्री क्वार्टर), कहिले सिंहदरबार, कहिले बालुवाटार त कहिले पार्टी अफिस भौंतारिरहन्छ। अन्त्यमा शान्तिराजाले आफ्नो पि.ए. लाई देखाएर झाडा टारेर छोड्छन् भने पि.ए. ले राजेन्द्रराजले जस्तै एउटा चुरोटको खोलमा यातायात मन्त्रीलाई चिठी लेखेर उसलाई पन्छाउँछ। अन्त्यमा हतास, भोको, थकित, दुब्लो र रोगी भएर चौथो दिनको दिन रित्तो प्रेमललवा बसमा चढ्छ र बसले ऊलगायत थुप्रैलाई एकैसाथ लिएर हिँड्यो भन्ने अभिव्यक्तिसँगै यसको अन्त्य भएको छ। यसमा अञ्चलविशेषको किनारीकृत वर्गको प्रतिनिधि पात्र प्रेमललवाले काठमाडौँमा भोगेको यातना, सिधासाधा जनताले राजनीति गर्ने नेताबाट पाउने दुःखबाट अञ्चलविशेषको राजनीति र आर्थिक स्थितिलाई उजागर गरेको छ।

उपन्यासको पाँचौँ अध्यायमा अब घोडा कसरी किन्ने ? टाँगा कसरी चलाउने, जीवन कसरी गुजारा गर्ने ? भन्ने ठूलाठूला भारीसँग ऊ धम्बोजीमा ओर्लियो। उसले त्यहाँ थुप्रै टाँगाहरू देख्यो र ऊ घर गयो। घर पुग्दा उसको टाँगा चोरी भएको, घर भत्किएको रहेछ। उसले अरू केही सोचेन। बाकसबाट लालपुर्जा निकाल्यो र सिधै राजेन्द्रराजको घर गयो। राजेन्द्रराजले उसलाई काम बन्यो, बनेन भन्ने कुरा सोधेनन्। किनकि उसलाई पहिला नै थाहा थियो, बरू उनले सिधै तेरो कोरियनपुरवाको जग्गा शिलाबाबुलाई मिलाइदिन्छु। पार्टीबाट नब्बे हजार आएको छ। त्यसबाट तीस हजार तँलाई, तीस हजार मलाई र तीस हजार शिलाबाबुलाई हुन्छ। कागज नब्बेको बन्छ। फोकटमा कसले राजनीति गर्छ भन्ने कुरा गरेपछि तीसहजार बुझेर नब्बेको कागजमा सही गर्‍यो र मनमनै दृढ निश्चय पनि गर्‍यो – अब उसले राजेन्द्रराजको परिवारलाई फोकटमा बोक्ने छैन र शान्तिराजाजस्ताको विजय जुलुसमा टाँगा उलार हुन दिने पनि छैन भन्दै, चाहे विरादरी (आफ्नो समाज) ले बहिष्कार गरे पनि द्रौपदीलाई विवाह गर्ने निर्णयसहित ऊ द्रौपदीकहाँ जान्छ र उसलाई बोलाएको सन्दर्भबाट उपन्यासको अन्त्य भएको छ। यसबाट राजनीति गर्ने व्यक्तिहरू सामाजिक सोचमा भन्दा पनि कमाउ र मोज गर भन्ने सोचमा लागेको देखिन्छ। गरिबलाई अझ गरिब बनाउने र राष्ट्रिय सम्पत्तिको दुरूपयोग गरेर अकूत सम्पत्ति कुम्ल्याउने दाउमा राजनीति गर्ने व्यक्तिहरू लागेको परिवेशबाट पनि अञ्चलविशेषको राजनीति र आर्थिक अवस्थालाई बुझ्न र जान्न सकिन्छ।

**उलार** उपन्यासमा यसका अतिरिक्त पनि थुप्रै घटनाहरू रहेका छन्। यसमा घटनाको स्थूल रूप नभएर जति पनि घटनाहरू आएका वा घटेका छन् तिनीहरू चरित्रको माध्यमबाट घटेका हुनाले प्रस्तुत उपन्यास चरित्र प्रधान र आञ्चलिक मान्यताअनुरूप नै आएको देखिन्छ।

**उलार** उपन्यासको कथानक रैखिक ढाँचामा रहेको छ। यसमा आएको कथानकलाई आदि, मध्य र अन्त्यको स्थितिबाट पनि हेर्न सकिने हुनाले प्रस्तुत उपन्यासको कथानक रैखिक ढाँचामा रहेको स्पष्ट हुन्छ र यसको घटनाको मुख्य स्रोत भनेको भौगोलिक संस्कृति नै हो। यसमा बाँके जिल्लाको पश्चिममा पर्ने नेपालगञ्ज, बाबागन्ज, नानपारा, बहराइच, सुर्खेतरोड, कोरियनपुरवा, परसपुर र त्यस आसपासको क्षेत्र मिलेर बनेको अञ्चल नै मुख्य विषयका रूपमा आएको छ। यही अञ्चलविशेषको विविध पक्षको विशिष्टताको चित्रणका लागि थुप्रै घटना, सन्दर्भ र सोहीअनुसारको चरित्र, भाषा आदि आएका छन्। यसमा आएका चरित्र, घटना आदि आञ्चलिक मान्यताअनुरूप आएका र तिनीहरूले अञ्चलविशेषका विशिष्टतालाई उजागर गरेका हुनाले यसको शीर्षक कथानक वा घटनासन्दर्भमा पनि आञ्चलिकीकरण रहेको छ।

## ४. 'उलार' उपन्यासमा राजनीति आञ्चलिकताको विश्लेषण

**उलार** उपन्यासमा कथाञ्चलको राजनीतिक अवस्थाको पनि व्यापक रूपमा चित्रण भएको छ। यसमा नेपालको प्रजातन्त्रदेखि गणतन्त्रसम्मको राजनीति आएको छ। प्रजातन्त्रदेखि गणतन्त्रसम्म पुग्दा पनि षडयन्त्रमूलक राजनीति यथावत् नै रहेको छ। गाउँ–ठाउँका ठूलाठालु, धनीमानी, पढेलेखेका व्यक्तिको हातमा मात्र राजनीतिको बागडोर रहेको छ। यस्ता व्यक्तिले सानातिना, गरिबगुरुवा र अशिक्षित व्यक्तिलाई झुठो आश्वासन, ठगी र षडयन्त्र गर्ने बाहेक केही दिन सकेका छैनन् भन्ने कुरा उपन्यासमा वर्णित सन्दर्भले मात्र नभएर देशको अवस्थाले पनि देखाएको छ। आफ्नो स्वार्थमा जस्तोसुकै कार्य गर्न पनि नेताहरू पछि पर्दैनन् भन्ने कुरा “राजेन्द्रराजले शान्तिराजाको नाममा पात्र लेखेर दिँदा ऊ एकपटक त झस्केको थियो। आफ्नै विरोधीलाई पत्र ?” (पृ. ५६) भन्ने अभिव्यक्तिबाट पनि नेपालको राजनीति र नेताहरूको चरित्रलाई बुझ्न सकिन्छ। सामान्य कार्यकर्ता पार्टीको आदर्शतालाई बोकेर आफ्नो पार्टी र नेतालाई जिताउन खाई–नखाई ज्यानको बाजी लगाएर दिनरात नभनी लागेका हुन्छन् तर नेतालाई त्यस कुराको कुनै मतलब हुँदैन। आफ्नो स्वार्थ पूरा हुने भए वा पैसाको लागि उनीहरू उल्टै विरोधीलाई जिताउन पछि पर्दैनन् र नेपालको राजनीतिमा चुनाव जितेपछि आफू मालिक र जनता दास सम्झने प्रवृत्ति पनि छ। पढेलेखेका व्यक्ति पनि स्वार्थपूर्तिको लागि नेताको घरदैलोमा पुगेर चाकरी गर्ने परिपाटी पनि उत्तिकै छ भन्ने कुराको चर्चा यसरी गरिएको छ :

> *शान्तिराजाकहाँ हुल थियो। हिजोअस्तिसम्म शान्तिराजाको दिन गए भन्नेहरू पनि शान्तिराजाको दरबारमा हाजिरी बजाइरहेका थिए। ननकउ पनि हुलमा थियो। सांसद भएपछि शान्तिराजाको अनुहार अर्कै भइसकेको छ। चुनावमा खट्दाखट्दा कालो भएको उनको अनुहार दुईतीन दिनमै पूर्ववत् गोरो र चम्किलो देखिन थालेको छ (पृ. ५६)।*

प्रस्तुत अभिव्यक्तिबाट राजनीतिमा लागेका र जुनसुकैका कार्यकर्ताहरू भोट जता दिए पनि चुनाव जितेपछि आफूले नै जिताएको जसरी नेताको चाकडी गर्न पुग्ने प्रवृत्ति रहेको कुरालाई बुझ्न सकिन्छ भने अर्कोतिर नेताहरू पनि चुनाव जितेपछि उनीहरूको अनुहारको रङ्गमात्र नभएर जनताको र राष्ट्रको सेवा गर्ने भन्ने सोचमा समेत परिवर्तन आएर पैसाको मात्र पछि लाग्ने कुरालाई समेत जान्न सकिन्छ। पैसाको लागि उनीहरू जस्तोसुकै काम गर्न पछि पर्दैनन् भन्ने कुरालाई “बुझिस् राजिन्दरबाबुलाई पाँच लाख क्यास दिएको त मैले आफ्नै आँखाले देखेको (पृ. ५४) भन्ने अभिव्यक्तिबाट पनि राजनीतिक चरित्रलाई बुझ्न सकिन्छ। पैसाको लागि नै राजनीतिमा लाग्ने हो। राजनीतिमा लागेर पैसा कमाउनु पर्दछ भन्ने सोच नेताहरूको रहेको कुरा “हेर प्रेमललवा कुरा भन्या सफा, माथि पार्टीबाट नब्बे हजार आएको छ। कागज नब्बेको बन्छ तीस तँलाई, तीस मलाई र तीस शिलाबाबुलाई (पृ. ८७) भन्ने सन्दर्भबाट पनि नेताहरूको भ्रष्ट चरित्रलाई बुझ्न सकिन्छ। उनीहरू फाइदा आउने कुरामा जस्तोसुकै घिनौना काम पनि गर्छन्। आफ्नै कार्यकर्तालाई उठीबास लगाउन पनि पछि पर्दैनन्। उनीहरू राज्यबाट पाएजति सुविधा लिएर पनि व्यक्ति विशेषसँग सुविधा लिन पछि पर्दैनन्। देशमा आएको परिवर्तन पछि पनि राजनीतिको बागडोर सीमित व्यक्तिहरूको हातमा मात्र रहेको छ। यस उपन्यासमा पनि त्यहाँको राजनीतिको बागडोर शोषक र फटाहा राजेन्द्रराज र शान्तिराजाको हातमा मात्र रहेको देखिन्छ। उनीहरूका घृणित क्रियाकलापको भण्डाफोर गर्ने व्यक्ति कोही पनि रहेको देखिँदैन।

अञ्चलविशेषमा रहेको अशिक्षा, गरिबी र शोषणमा त्यहाँको राजनीतिले काम गरेको छ। व्यक्तिमा अशिक्षा, आर्थिक अभावले गर्दा राजनीतिक सचेतता देखिँदैन। जसले गर्दा उनीहरू आफूले नै दुःख पाएका छन् र नेताहरूले उनीहरूबाट फाइदा उठाएको कुराबाट त्यहाँको राजनीतिक अवस्थालाई बुझ्न सकिन्छ।

प्रस्तुत उपन्यासमा अन्य आञ्चलिक पक्षको झैँ राजनीतिको पनि चर्चा गरिएको छ। कथाञ्चलको गरिबी, शोषण र त्यहाँका जनताको निरीह अवस्था हुनुमा राजनीतिक कारण पनि कारकको रूपमा रहेको पाइन्छ। अञ्चलविशेषको राजनीतिक अवस्थाको स्वाभाविक र यथार्थपरक चित्रण यसमा भएको छ। राजनीतिसम्बन्धी यस्ता चर्चाबाट अञ्चलविशेषको राजनीतिक अवस्थालाई सामान्य रूपमा बुझ्न सकिन्छ।

## ५. उलार उपन्यासमा आर्थिक आञ्चलिकताको विश्लेषण

**उलार** आञ्चलिक उपन्यास भएकाले यसमा आर्थिक पक्षको पनि चर्चा गरिएको छ। यहाँका बासिन्दामा आर्थिक अभावै–अभाव छ अनि गरिबता सर्वत्र व्याप्त छ। यिनीहरू गरिबताका कारणले नै अशिक्षित पनि छन्। यिनीहरू भरपेट खानुलाई नै आफ्नो ठूलो भाग्य मान्दछन्। अञ्चलविशेषका बासिन्दा सामान्यभन्दा सामान्य उपचार गर्न पनि आफ्नो वासस्थान बेच्नु पर्ने अवस्थामा रहेका छन्। जसले गर्दा यिनीहरू बिस्तारै सहरबाट गाउँ र गाउँबाट अझ बिकट ठाउँमा पुग्दै भूमिहीन बन्दछन्। एक लाखको जग्गालाई तीस हजार पाउँदा पनि यिनीहरू गर्व गर्छन्। यहाँको गरिवी र अभावले सीमा नाघेको छ। गरिबीको कारणले औषधीमूलो गर्न नसकेर अकालमा मर्नु पर्ने बाध्यता एकातिर छ भने अर्कोतिर महिलाले शारीरिक बेपार गरेर परिवार पाल्नु पर्ने स्थिति पनि छ भन्ने कुराको चर्चा उपन्यासमा यसरी गरिएको छ :

> *द्रौपदीको बाउ अचेल ट्याम्मै कान सुन्दैन। त्यसैले छोरीका लागि ग्राहक खोजेर ल्याउन सक्दैन। व्यापार घटेको छ। पहिला द्रौपदीकी आमा पनि यही काम गर्थी। त्यसैले घर धान्न सजिलो थियो। अहिले सम्पूर्ण बोझ द्रौपदीमाथि खनिएको छ। द्रौपदीकी आमा खाटमै टाँस्सिइ रहन्छे। दीर्घरोगले समातेको छ। उमेर ४०–४५ को हो तर ६०–७० की बूढी देखिन्छे। खोकिरहन्छे, कनिरहन्छे। उसको खोकाइ र चिच्चाइले पनि ग्राहक आउने क्रम घट्न थालेको हो। स्थायी ग्राहक पनि बूढीको चिच्याइले सारा मजा किरकिरा हुन्छ भनेर आउन छाड्दैछन् (पृ. ३५)।*

प्रस्तुत अभिव्यक्तिबाट अञ्चलविशेषको आर्थिक अवस्था र त्यहाँका बासिन्दाको समस्यालाई बुझ्न सकिन्छ। त्यहाँ गरिबताले सीमा नाघेको हुनाले आउने ग्राहकले पनि महिलाको मूल्य सस्तो लगाउने र महिलाले पनि सस्तो मूल्यमा शरीर बेच्न बाध्य भएको कुरालाई “पाँच रूपैयाँमा पुरी त आउँदैन मेरो .... आउँछ (पृ. २६) भन्ने अभिव्यक्तिले आञ्चलिक उपन्यासमा आउने अश्लिलता र अञ्चलविशेषको गरिबीलाई बुझ्न सकिन्छ।

यस उपन्यासमा आर्थिक अवस्थाका सम्बन्धमा विभिन्न रूपमा चर्चा गरिएको छ। आर्थिक अभावका कारणले देह व्यापार गर्नु पर्ने बाध्यात्मक अवस्थाको चर्चा छ। आर्थिक कारणले बिरामी भएका आफ्ना सन्तानको उपचार गर्न नसकेर रोग पालेर बस्नु पर्ने अवस्थाको चर्चा पनि गरिएको छ। आर्थिक कारणले पशु र मान्छे एउटै छानामुनि बस्नु पर्ने अवस्था, जाडो, गर्मी जुनसुकै समयमा पनि एउटै कपडाले वर्षौं गुजारा गर्नु पर्ने अवस्थाको चर्चा पनि छ। भाडा नभएर गन्तव्यसम्म जान नपाउने अवस्था र समयसँगै सहरबाट गाउँ, गाउँबाट विकट ठाउँ र त्यसपछि भूमिहीन बन्नु पर्ने अवस्थाको सङ्केत पनि यसमा गरिएको छ। घरको नाउँमा पानीसमेत नथेग्ने छानो र कहिले भत्किने हो थाहा नभएको गारो भएको घरको यथार्थ अवस्थाको चर्चा उपन्यासमा यसरी गरिएको छ :

> *घर ? यस्तो पनि घर हो ? एउटा खाट, गिल्टीका दुई–चारवटा भाँडा, कोठाभित्रै आफ्नो खाट र घोडीबीच छेकबार लगाएर ऊ सुत्छ। भुसाहरू, लादीको गन्ध। कलुवाले ल्याएर टाँसी दिने सिनेमाका पोस्टर। एकदुई बर्सातपछि ढल्न तम्तयार भित्ता। चुहिएर बर्सातमा सताउने छत। र एउटा नमिठो एकदमै नमिठो शून्यता। घर यही हो ? साला, घर यही हो ? उसले प्रश्न गऱ्यो आफैंसित। उत्तर दिने को ? (पृ. ३९)।*

प्रस्तुत अभिव्यक्तिबाट पनि अञ्चलविशेषको आर्थिक अवस्थालाई बुझ्न सकिन्छ। यसका अतिरिक्त पनि थुप्रै आर्थिकसम्बन्धी चर्चाहरू भएका छन्। कथाञ्चलका बासिन्दाले प्रजातन्त्रदेखि लोकतन्त्र र गणतन्त्रसम्म आउँदा पनि परिवर्तनको कुनै अनुभूति गर्न पाएका छैनन्। भरपेट खानसमेत नपाउनु, एकसरो लगाउन समेत नपाउनु र फोहरै–फोहोरको डुङ्गुरमा जीवन गुजार्नु नै उनीहरूको नियति बनेको छ। साहूले वा राजनीति गर्ने टाठाबाठाले झुक्याएर दिनानुदिन उनीहरूलाई गरिबबाट अझ गरिब बनाउने गरेका विविध घटना र सन्दर्भहरूले त्यहाँको आर्थिक अवस्थालाई बुझ्न र जान्न सकिन्छ।

## ६. निष्कर्ष

नयनराज पाण्डेको **उलार** आञ्चलिक उपन्यास हो। आञ्चलिक उपन्यासमा अञ्चलविशेषका भूगोल, संस्कृति, समाज, राजनीतिक, आर्थिक, भाषा आदि विविध विशिष्टताहरू रहेका हुन्छन्। यस्ता विशिष्टताहरू उपन्यासमा आउँदा समान रूपमा नआएर कुनै बढी र कुनै कम रूपमा पनि आउन सक्छ। यस उपन्यासमा अन्य पक्षको पनि महत्त्वपूर्ण स्थान हुँदाहुँदै पनि राजनीतिक र आर्थिक पक्षले पनि महत्त्व पाएको छ। यसमा अञ्चलविशेषका बासिन्दालाई राजनीति गर्ने व्यक्तिहरूले गरेको शोषण, उनीहरूको अशिक्षा र सरलपनबाट लिएको फाइदा र राष्ट्रिय सम्पत्तिको दुरूपयोग, राजनीति गर्ने व्यक्तिहरूको स्वार्थीपना, धार्मिक दङ्गाजस्ता कुराका अतिरिक्त अञ्चलविशेषका बासिन्दाको गरिबताका कारणबाट हुने शारीरिक र मानसिक शोषण, बिरामी हुँदा उपचारसमेत गर्न नसक्ने अवस्था, गरिबताका कारणले नै शिक्षामा रहेको कमी, फोहरको डङ्गुरमा बस्नुपर्ने बाध्यता आदि कुराहरूले अञ्चलविशेषको राजनीति र आर्थिक पक्षलाई सङ्केत गरेको हुनाले प्रस्तुत उपन्यासमा आञ्चलिकताको राम्रो चित्रण भएको पाइन्छ।

## सन्दर्भसामग्री सूची


अब्राम्स, एम.एच. इ. १९९२. **अ ग्लोसरी अफ लिटररी टम्स** (ते.सं.). मद्रास : कर्नेल युनिभर्सिटी.।

कडन, जे.ए.इ. इ. १९९१. **डिक्सनरी अफ लिटेररी टर्म्स एण्ड लिटरेरी थ्यौरी** (ते.सं.). लण्डन : पेङ्गुइन ग्रुप.।

जैन, नगिना. इ १९७६. **आञ्चलिक और हिन्दी उपन्यास**. नयी दिल्ली : अक्षर प्रकाशन.।

**द अक्सफोर्ड युनिभर्सल डिक्सनरी अन हिष्ट्रिकल प्रिन्सिपल**. इ. १९६४. लण्डन : अक्सफोर्ड युनिभर्सिटी.।

**द इन्साइक्लोपेडिया अमेरिकाना**. इ. १९६९ (भोलुम १७). न्यूयोर्क : अमेरिकन कर्पोरेसन.।

प्रधान, कृष्णचन्द्रसिंह. २०३७. **नेपाली उपन्यास र उपन्यासकार**. काठमाडौँ : साझा प्रकाशन.।

पाण्डे, नयनराज. २०५५. **उलार**. काठमाडौँ : फाइनप्रिन्ट बुक्स.।

फोर्स्टर, इ.एम. इ. १९६६. **एस्पेक्टस् अफ द नोभेल**. पेन्गुइन : पिलिकन बुक.।

मिश्र, रामदरश. इ. १९८२. **हिन्दी उपन्यास** (दो. सं.). नयी दिल्ली : नयी दिल्ली प्रकाशन.।

राई, इन्द्रबहादुर. २०६७. **नेपाली उपन्यासका आधारहरू**. काठमाडौँ : साझा प्रकाशन.।

सापकोटा, कृष्णप्रसाद. २०६९. ध.च. गोतामेका उपन्यासमा आञ्चलिकता॰ एम्.फिल. अप्रकाशित शोधप्रबन्ध. काठमाडौँ त्रिभुवन विश्वविद्यालय.।

.......................... २०७४. ध्रुवचन्द्र गौतमका उपन्यासमा आञ्चलिकता॰ विद्यावारिधि अप्रकाशित शोधप्रबन्ध. काठमाडौँ : त्रिभुवन विश्वविद्यालय.।

सिंह, जवाहर. इ १९८६. **हिन्दी के आञ्चलिक उपन्यासो की शिल्पविधि**. नयी दिल्ली : नेसनल पब्लिसिंग हाउस.।

हेर्नबाइ, ए.यस. इ १९९०. **अक्सफोर्ड एडभान्स लनर्स डिक्सनरी करेन्ट इङ्ग्लिस** (ते. सं.). लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस.।